# खजुरा गाउँपालिकाको आर्थिक बर्ष २०७८/२०७९ को बार्षिक नीति तथा कार्यक्रम

खजुरा गाउँपालिकाको नवौं गाउँसभामा उपस्थित सम्पुर्ण गाउँसभाका सदस्यज्यूहरु,
हार्दिक अभिवादन ।

यस गरिमामय गाउँसभाको नवौं अधिवेशनमा स्थानिय सरकारको प्रमुखको हैसियतले आ.व. २०७८।७९ को नीति तथा कार्यक्रम तयार गरिरहँदा कोभिड-१९ (कोरना भाइरस)ले विश्वलाई दोश्रो पटक पनि चुनौति दिइरहेको छ । कोभिड-१९ को विश्वब्यापी संक्रमणको कारण उत्पन्न असहज परिस्थितिले मानब समुदायका आवश्यक्ता र प्राथमिकताहरुलाई नै बदलिदिएको छ । यसले अर्थतन्त्र र समग्र शासन प्रकृयामा पनि गम्भिर असर परेको छ । यस्तो परिस्थितिमा हरेक स्थानीय तहका सरकारले प्रवाह गर्ने सार्वजनिक बस्तु तथा सेवाको पुःन प्रथामिकिकरण गर्नुपर्ने भएको छ । यस विषम परिस्थितिमा स्थानीय सरकारले पनि छुटकारा पाउन सक्ने अवस्था नदेखिएकोले यसको असरलाई न्यूनिकरण गर्दै जनजिवनलाई कसरी नियमित गराउने भन्ने कुरा अहिले हाम्रो सामु चुनैतिको विषय बन्न पुगेको छ । महामारिका कारण उत्पन्न असहज परिस्थितिका वीच आ.व. २०७८।७९ को नीति तथा कार्यक्रम यस गरिमामय सभा समक्ष सम्बोधन गरिरहंदा जनताको जीवन रक्षा र मुलुकको आर्थिक सामाजिक अवस्थाको प्रश्नले म अत्यन्त गम्भिर भएको छु ।

कोभिड-१९ को विरुद्ध जुटन पालिकाले शुरुआत चरण देखि नै महत्वपूर्ण भूमिका निर्वाह गरेको तथ्य सबैले अनुभूत गरेकै विषय हो । यसबाट नेपालमा स्थानीय सरकारको औचित्य समेत स्पस्ट रुपमा स्थापित हुन पुगेको छ ।

महामारीबाट हुने आर्थिक क्षतिको पूर्ति त आगामी दिनमा हुन सक्छ । प्रविधिको अन्वेषण गर्दै जान सकिन्छ । समाज फेरी सम्मृद्ध बन्न सक्छ, तर गुमेको अमूल्य जीवनको पुःन प्राप्ती र क्षतिपूर्ति हुन सक्दैन । संगसंगै मानवीय पूंजी, दक्षता, विज्ञता र विचारको क्षति पनि अपुरणिय हुन्छ । त्यसैले मानव जीवनको रक्षा गर्नु यतिखेर हाम्रो सर्वोच्च कर्तब्य हुन आएकोछ ।

विश्वब्यापी समस्याबाट सिर्जित प्रतिकूल परिस्थितिको सामना गर्नको लागि स्थानीय पालिकाले आफ्ना प्रयासलाई अझ बढी ब्यवास्थित गर्नुपर्ने आवश्यक्ता छ । असहज परिस्थितिको निरन्तरता रहिरहेको विद्यमान अवस्थामा हाम्रो पालिकाले पनि विगत वर्ष जस्तो प्रकृया र नियमित प्राथमिकता भन्दा माथि उठेर नयां आवश्यक्ताको आधारमा आफ्नो नीति, कार्यक्रम र बजेट तर्जुमा गर्नुपर्ने आवश्यक्ता देखिएको छ ।

यस गौरवपूर्ण क्षणमा संघीय लोकतान्त्रिक गणतन्त्रसम्मको राजनीतिक आन्दोलनमा राष्ट्र र जनताको हितका लागि आफ्नो अमूल्य जीवन अर्पण गर्नुहुने यसै गाउँपालिकाकी शहिद सेतु विक सहित सम्पूर्ण ज्ञात अज्ञात वीर शहिदहरुप्रति उच्चसम्मानका साथ भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । घाइते योद्धाहरु र बेपत्ता नागरिकहरुप्रति उच्च सम्मान प्रकट गर्दछु । नेपाली समाज रुपान्तरणमा अग्रज राजनैतिक यौद्धाहरुले गर्नु भएको कार्यको उच्च मुल्यांकन र सम्झना गर्दछु । यसै वीच हामीले पालिकाका २ जना कर्मचारी, १ जना शिक्षक र १ जना जनप्रतिनिधि सहित ३२ जनालाई कोभिड १९ को दोश्रो लहरको कारण संकटकै अवस्थामा गुमाउनु परेको छ । उहांहरु प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दै सम्पूर्ण संक्रमितहरुको सिघ्र स्वास्थ्यलाभको कामाना गर्दछु ।

कोरना भाइरस विरुद्धको लडाईमा यसको रोकथाम र नियन्त्रणमा अग्रमोर्चामा खटिनुहुने जनप्रतिनिधि, स्वास्थ्यकर्मी, कर्मचारी, सुरक्षाकर्मी, पत्रकार सबैमा हार्दिक धन्यबाद दिन चाहन्छु । विभिन्न संघ संस्थाहरुले दिनु भएको अमूल्य सहयोग र समयको गाउँपालिका उच्च मुल्याँकन गर्दछ । महामारी रोकथाम र नियन्त्रणको लागि अपनाईएको बन्दाबन्दी, भौतिक दूरी लगायतको कार्यको कार्यान्वयनमा अनुशासित भई सहयोग गर्नुहुने खजुराबासीहरुमा हार्दिक आभार ब्यक्त गर्न चाहन्छु ।

भौगोलिक विविधता फरक भएको यो देशमा खजुरा गाउँपालिकाले आफ्नो छुट्टै इतिहास कायम गरेको छ हाम्रा खजुरेली जनताहरुले खजुरालाई सफल स्थानीय तह बनाउन हाम्रा जनप्रतिनिधिहरु संग मिलेर कार्य गर्दै आउनु भएको छ । यहाँहरु हाम्रा शुभचिन्तकहरु हुनुहुन्छ । हामीहरुलाई मित्रवत व्यहारबाट प्रत्यक्ष सुझाव दिएर होस् वा सामाजिक सञ्जालको माध्यमबाट आफ्ना अभिव्यक्तिहरु प्रकट गरेर होस् यि दुवै

सुझावलाई हामीले गहनरुपमा लिई आफ्ना कार्यहरु अझ मजवुत बनाउदै यहाँहरु सामु आफ्ना कार्यहरु पस्कदै आएका छौं ।

हामी हाम्रो खजुराको जातीय, भाषिक, धार्मिक, सांस्कृतिक तथा भौगोलिक विविधतालाई आत्मसात गरी सामाजिक एंव सांस्कृतिक समानता र सहिष्णुतामा आधारित सदभावको बाटोबाट एकता मजबुत बनाउदै खजुराको विकास गर्ने नीतिबाट परिचालित छौं ।

नेपालको संविधानको अनुसूची ८ मा उल्लेखित स्थानीय तहको २२ वटा एकल अधिकार र अनुसूची ९ बमोजिमको साझा अधिकारलाई आत्मसाथ गर्दै गाउँपालिकाको कामलाई सुचारु गरिएको छ । हामी जनप्रतिनिधिहरु सकारात्मक सोच र तत्परताका साथ प्राप्त स्रोत र साधनलाई अधिकतम उपयोग गर्न दृढ संकल्पित छौं । विगत र चालु आ.व.मा हामीले तय गरेका नीति तथा कार्यक्रम र सो अनुसारको विनियोजित बजेटबाट सम्पन्न भएका योजना तथा कार्यक्रमहरुले खजुरा गाउँपालिकाको विकास निमार्णको झलक प्रस्तुत भएको छ ।

**सदस्यज्यूहरु**

**अब म चालु आ.व.मा हासिल गरिएका महत्वपूर्ण उपलब्धिको सन्दर्भमा संक्षिप्त समिक्षा प्रस्तुत गर्दछु ।**

१. भौतिक पूर्वाधार अर्न्तगत यस चालु आ.व.मा वडा नं. १ देखि ८ सम्ममा १८ कि.मि.सडक कालो पत्रे गर्ने कार्य निर्माणाधिन भित्र करिब ७ कि.मि. बाटो निर्माण सम्पन्न भई सकेको ।
२. चालु आ.व.मा करिब ४५ कि.मि. बाटो निर्माण कम्पनी र उपभोक्ता समितिबाट ग्रावेल गरि बाटो स्तरउन्नती गरिएको छ ।
३. वडा नं.३ मा बहुउद्देयश्यि सभा हल बहुवर्षे कार्यभित्र निर्माणधिन रहेको छ ।
४. वडा नं. ५स्थित शीतभण्डारको बहुवर्षे कार्य निर्माणाधिन रहेको छ ।
५. नमुना विद्यालय र विद्यालयहरुको भौतिक संरचना (भवन/शौचालय) निर्माणाधिन छन् ।
६. वडा नं.२ स्थित सितापुरमा खेलकुद ग्राम निर्माणाधिन रहेको छ । नेपाल सरकारले गत वर्ष देखि खजुराको सितापुरमा रहेको शुक्र भलिवल स्टेडियमलाई गाउँपालिका स्तरीय खेलकुद ग्राम घोषणा गरि क्रमिकरुपमा बजेट समेत उपलव्ध गराएको छ यस वर्षमा रु.२५ लाख बराबरको कार्य भई रहेको छ ।
७. वडा नं.४ को आधारभुत स्वास्थ्य चौकी भवन निर्माण सम्पन्न भई आफ्नै भवनबाट सेवा दिइ रहेको छ भने वडा नं. ६ मा आधारभुत स्वास्थ्य चौकी भवन निर्माण कार्य अन्तिम चरणमा रहेको छ ।
८. खजुरा गाउँपालिका वडा नं.६ मा औद्योगिक ग्राम घोषणा भई गतवर्ष प्राप्त रु. ९२ लाख बजेटबाट तारबार गर्ने चौकीदार भवन तयार गर्ने औद्योगिक ग्राम सम्म पुग्नलाई बाटोको निर्माण कार्य पुरा भएको छ भने यस वर्ष प्राप्त बजेटबाट औद्योगिकग्रामको भित्री भागसम्म पुग्ने सडक स्तरउन्नतीको कार्य अगाडि बढाइएको छ ।
९. विभिन्न वडाहरुमा खानेपानी सम्बन्धी कार्यहरु अगाडि बढाइएको छ ।
१०. आवास विहिन नागरिकहरुलाई आवास सुविधाका लागि सामूहिक आवास निर्माण सम्पन्न गरिएको छ उक्त आवासमा बस्ने व्यक्तिहरुको पहिचान भई एक विपन्न परिवार एक घर उपलव्ध गराइने भइरहेको छ ।
११. वालवालिकालाई मनोरञ्जन उपलव्ध गराउने उद्देश्य साथ चिल्ड्रेन पार्कहरु निर्माण कार्य अगाडि बढाइएको छ ।
१२. शिक्षाको क्षेत्रलाई शैक्षिक हव बनाउने उद्देश्य लिई गाउँ कार्यपालिकाको निर्णयले खजुरा वडा नं.८मा प्रदेश स्तरीय विश्वविद्यालय बनाउने गरि गरेको निर्णय अनुसार पालिकाबाट उक्त क्षेत्रमा जग्गा व्यवस्थापनका लागि नापजाँच कार्य सम्पन्न भई सकेको छ भने यस चालु आ.व.मा उक्त विश्वविद्यालयको सिलन्यास गरि कार्य शुभारम्भ गर्ने लक्ष्य लिइएको छ ।
१३. गाउँपालिका पूर्ण साक्षर गाउँपालिका घोषणा गरिएको छ ।
१४. खजुरा शैक्षिक महोत्सव र तेश्रो मेयरकप रनिंग सिल्ड सम्पन्न गरि सकिएको छ ।

१५. एक पालिका एक खेल मैदान अर्न्तगत वडा नं.४ मा आधुनिक फुटवल रंगशाला निर्माणका लागि प्याराफिटवाल बनाउने कार्य यस चालु आ.व. मा समेत निरन्ता दिईएको छ भने आगामी वर्षमा यस फुटबल रंगशाला पूर्णरुपमा सम्पन्न हुने छ ।

१६. कोरना भाइरसबाट खजुराका नागरिकलाई जोगाउन जनक शिक्षा सामाग्रीको छापाखाना भवनमा ४० बेड र राधारपुर स्वा.चौकीलाई १० बेड गरि जम्मा ५० बेडको कोभिड आइसोलेसन अस्पताल स्थाना गरि खजुराका नागरिकहरुलाई सेवा उपलव्ध गराइएको ।उक्त अवधिमा बस्ने खाने र औषधीको निशुल्क व्यवस्थापन गरिएको थियो ।

१७. आठ वटै वडाहरुमा निशुल्क जेष्ठ नागरिक आँखा शिविर संचालन गर्नुका साथै १०० जनालाई निशुल्क आँखा अप्रेशन गरि सकिएको छ ।

१९. अनलाइनमा आधारित घटना दर्ता र सामाजिक सुरक्षा कोषको अभिलेख व्यवस्थित गरिएको छ ।

२०. हरेक वडा कार्यालयबाट अनलाइन सेवा संचालन गरिएको छ हरेक वडा कार्यालयहरुमा इन्टरनेटको पुहच गरिएको छ ।

२१. अपाङ्ग परिचय पत्र, जेष्ठ नागरिक परिचय पत्र वितरण लाई निरन्तरता दिइएको छ ।

२३. न्यायिक सेवा अन्तर्गत मेलमिलापकर्ताहरुको तालिम दिई वडा स्तरिय मेलमिलाप केन्द्र गठन गरि सकिएको छ ।

२४. Village Profile, Master Plan, र सडक गुरुयोजना जस्ता कार्य सम्पन्न गरि सकिएको छ ।

२५. गाउँ पालिकाको केन्द्र रहने स्थानको छनौटका आधारमा नेपाल सरकारले खजुरा गाउँपालिका वडा नं.३ बागमति नगरलाई गाउँपालिकाको केन्द्र तोकि सके पश्चात प्रशासनिक भवनको निर्माण कार्य अगाडि बढाइएको छ ।

२६. हाल सम्म आवश्यक भएका ऐन, नियम कार्यविधि तयार गरि राजपत्रमा प्रकाशन गरि सकिएको छ र गाउँपालिकाको वेभसाईड ,फेसबुक पेज मोवाइल एप र ट्वीटर मार्फत गाउँपालिकाको महत्पुर्ण सूचनाहरु प्रकाशनमा ल्याईएको छ ।

२७. गाउँपालिकामा आएका सेवाग्राही लगायत सबै नागरिकहरुलाई गाउँपालिकाका कार्यहरुबाट सुसुचित गर्न डिजिटल सूचना पाटी राखिएको छ ।

२८. सामाजिक सुरक्षा भत्ता रकम बैंक मार्फत वितरण गर्ने कार्यलाई निरन्तरता दिइएको छ ।

२९. सार्वजनिक सेवा प्रणालिलाई डिजिटलाईज्ड गर्दै लगिएको छ ।

३०. चालु आ.व.मा जेष्ठनागरिकहरुका लागि वडा नं.३ मा खुसियाली घर(HAPPY HOME) को कार्य पुरा हुन गइरहेको छ जेष्ठ नागरिकहरुलाई सम्मानपूर्वक दैनिक भेला भई भलाकुसारी गर्ने खुसियाली घर हरेक वडामा स्थापना गरिदै लगिने छ । वडा नं.२ को खुसियाली घर निर्माणाधिन रहेको छ ।

३१. रोजगारी र प्लाष्टिक मुक्त अभियानलाई जोडेर गाउँपालिकाले हाते व्याग उत्पादन गर्ने गरि महिला रोजगारमुखी योजना अगाडि सारिएको छ गाउँपालिकालाई प्लाष्टिकमुक्ता गाउँपालिका आठौ गाउँ सभाबाट घोषणा भई सकेको हुँदा यस चालु आ.व.मा उक्त कार्यलाई उच्च प्राथमिक्तामा राखि कार्य गरिने छ ।

३३. ग्रिनसिटीको मोडालिटी अध्ययन पश्चात चिन र नेपालको दुवै राष्ट्र विच मोडालिटी तय गर्ने कार्य अगाडि बढदै जाँदा विश्वमा फैलिएको कोरना भाइरसका कारण उक्त कार्य हाल स्थगित भएको र चाँडै दुवै राष्ट्र विच मोडालिटी तय गरिने छ । यसै वीच UNOSSC बाट यस खजुरा गाउँपालिकाकाको कोराना रोकथाम र नियन्त्रणका लागि एक लाख माक्स उपलव्ध भएको थियो ।

३४. जनता नुमना मा.वि.सन्तकुटी स्थित कृषि तथा वनविज्ञान अध्ययन संस्थानद्धारा प्राकृति श्रोत व्यवस्थापन कजेज (हाल वि.एस्सी.एजी.) उद्घाटन भै संचालन भएको छ ।

३५. कृषि कार्यमा लाग्ने किसानलाई मागमा आधारित कार्यक्रम, सिंचाई कार्यक्रम, हाते औजार मल्चिङ्ग पेपर, स्प्रे ट्यांकी, क्यारेट लगायत मिनि पावर टिलर १०४ थान वितरण गरिएको छ ।

३६. खजुरालाई मासुमा पनि आत्मनिर्भर हुनका लागि वडा नं.१ मा  १०० गोटा  बाखा वितरण गरिएको छ ।
३७. दुग्ध उत्पादक गरि विक्री वितरण गर्ने व्यवसायिक कृषकलाई १०० थान मिल्क क्यान वितरण गरिएको छ ।
३८. व्यवसायीक फर्महरु मध्येका ६ जनालाई विद्युतीय घाँस काट्ने मेसिन (च्याप कटर) वितरण गरिएको छ ।
३९. खजुरा गा.पा. वडा नं.२ मा भैसी पकेट विकास कार्यक्रम लागु गरिएको छ ।
४०. हाल सम्म पशु सेवा शाखाबाट निशुल्क ९५० कृत्रिम गर्भाधान, पि.पि.आर,खोरेत,स्वाईन फिवर एच एस एण्ड वि.क्यू गरि २०,००० भ्याक्सीन पशु बस्तुहरुमा लगाइएको छ ।
४१. हिउदे र वर्षे घास वितरण गरिएको छ भने पशु स्वास्थ्य सेवाका लागि शाखामा सम्पर्क राखि ४५०० कृषकलाई OPD सेवा उपलब्ध गराईको छ ।
४२. नश्ल सुधारका लागि ८ वटा वोयर जातका बाखाहरु वितरण गरिएको छ ।
४३. १५ सैयाको अस्पताल निर्माण कार्य अगाडि बढाइएको छ ।
४४. खजुरा गाउँपालिका वडा नं.३ बालविवाह मुक्त घोषणा गरिएको छ अन्य वडाहरु समेत क्रमिकरुपमा बालविवाह मुक्त घोषणा गरि पालिकास्तरियी बालविवाह मुक्त पालिकाको तयारी गरिदै लगिने छ ।

**सदस्यज्यूहरु अव म पालिकाले बजेट तथा कार्यक्रम तयार गर्दा तय गरेका प्राथमिकता, लक्ष र उद्देश्य प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

गाउँपालिकाले बार्षिक योजना तथा वजेट तर्जुमा गर्दा निम्न बिषयलाई प्राथमिकता दिईएको छ ।

क.आर्थिक विकास तथा गरिवी निवारणमा प्रत्यक्ष योगदान पुर्याउने,
ख.उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने,
ग.जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने,
घ.स्थानीय सहभागिता जुट्ने,स्वयम सेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने,
ङ. स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने,
च. महिला बालबालिका तथा पिछडिएका क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने,
छ.लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने,
ज.दीगो विकास, वातावरणीय संरक्षण तथा सम्बर्द्धन गर्न सघाउ पुऱ्याउने
झ.भाषिक तथा सांस्कृतिक पक्षको जगेर्ना र सामाजिक सदभाव तथा एकता अभिवृद्धिमा सघाउ पुऱ्याउने ।
ञ. उत्पादनशिल तथा रोजगारमुलक क्षेत्रमा लगानी गर्न सकिने ।
ट. कोभिड लगायत विपदमा परेका नागरिकहरुको रक्षा र उद्दार गर्ने ।

खजुराको समुन्नतिको मूल आधार यहाँको उच्च सीपयुक्त मानव संसाधनको विकास हो । यस वर्षको नीति, कार्यक्रम र बजेटको लक्ष्य, उद्देश्य निम्न अनुसार रहेको छ ।

- नागरिकको जीवन स्तरमा  परिवर्तन गर्न उत्पादन सहयोगी भौतिक पूर्वाधारहरुको विकास गर्ने ।
- कृषि क्षेत्रको व्यवसायीकरण र आधुनिकीकरण गर्दै उत्पादन र उत्पादकत्व बढाउँदै बहुआयामिक कृषि क्षेत्र विकासको नीति लिने ।
- गुणस्तरीय स्वास्थ्य सेवामा सबैको पहुँच स्थापित हुने गरि स्वास्थ्य सेवालाई प्रभावकारी बनाउने ।
- समावेशी र सन्तुलित विकास प्रवर्द्धन गर्ने ।
- आधारभूत शिक्षालाई थप सुदृढ र गुणस्तरीय बनाउने ।

- वातावरण संरक्षण र विपद् व्यवस्थापनका लागि पूर्वतयारी र विपदको न्यूनिकरण गर्नुका साथै हाल भएको कोरना भाइरस कोभिड-१९ बाट रोकथाम र संरक्षण गर्ने ।
- पर्यटनको क्षेत्रको विकासका लागि अध्ययन गर्ने  र पर्यटन प्रवर्धन गर्ने ।
- चुस्त दुरुस्त शुशासनको प्रत्याभूति दिनका लागि जनप्रतिनिधि र कर्मचारीहरुलाई नागरिकहरुप्रति उत्तरदायि र जवाफदेहिता बनाउने ।
- आर्थिक अनियमितता हुन नदिने र पारदर्शिता अपनाउने ।

अब म यस आर्थिक वर्षको बार्षिक नीति तथा कार्यक्रमका आधार तथा औचित्यका बारेमा प्रकाश पार्न चाहन्छु ।
नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन र स्थानीय तह बजेट तर्जुमा दिग्दर्शन २०७४, संघ तथा प्रदेश सरकारको विभिन्न विषयगत बजेट अनुदानका आधारमा कार्यक्रम तर्जुमा गरिएको छ ।
संघीय शासन व्यवस्थामा नागरिकले देख्न भेट्न र सेवा लिन पाउने कुराको सुनिश्चित गरिएको हुन्छ । यहि मर्मलाई आत्मासाथ गरेर गाउँपालिका सरकार गाउँपालिकाका प्रिय जनतालाई शीघ्र सेवा, तीव्र विकास र गुणस्तरीय जीवनको प्रतिफल अनुभूत गराउने गरी यो नीति, कार्यक्रम र बजेट तर्जुमा गरिएको छ ।  हामी खजुरालाई समुन्नत र नमूना गाउँपालिका बनाउने अभियानमा लम्किरहेका छौं । यहि पृष्ठभूमिमा बजेट तर्जुमा गरिएको छ ।

संविधानले स्वायत्तता सहितको अधिकार स्थानीय तहलाई हस्तान्तरण गरेको बर्तमान अवस्थामा प्राप्त अधिकारहरुको कुशलतापूर्वक कार्यान्वयन गर्ने गरी तथा निर्वाचनका बेला जनताका सामु व्यक्त प्रतिवद्धतालाई क्रमश कार्यान्वयन गर्दै जाने गरी गाँउपालिकाको नीति, कार्यक्रम तथा वजेट निर्माण गर्नुपर्ने बृहद दायित्व र जिम्मेबारीलाई हृदयगंम गर्दै चालु आर्थिक वर्ष २०७८/०७९ को लागि नीति तथा कार्यक्रम प्रस्ताव गरेको छु ।

**सदस्यज्यूहरु,**
**अब म आ.व. २०७८/०७९ को नीति तथा कार्यक्रम यस गरिमामाय सभामा पेश गर्दछु ।**

- बाँके जिल्लाको अत्यन्त सुगम गाउँपालिका जो प्राकृतिक श्रोतले पछि परेको यस गाउँपालिकामा कृषि, पशुपन्छी पालन, तरकारी खेती ,खाद्यान्न वाली, फलफूल खेतीको क्षेत्रमा पुर्ण व्यवसायिकिकरण र विविधिकरणको माध्यमबाट हरेक वडालाई कृषि र पशुपन्छीमा एक वडा एक पकेट क्षेत्र घोषणा गरि पकेट विकास कार्यक्रमका लागि बजेट विनियोजन गरिनेछ । यसलाई अझ प्रभावकारीरुपमा आ.व. ०७८।०७९ को बजेटमा कार्यान्वय गरिने निति लिइने छ  । कृषिमा आत्मनिर्भर गर्न विदेशबाट फर्कि स्वेदशमै केही गरौं भन्ने जोस जाँगर भएका युवाहरुलाई विदेश पलायन हुनबाट रोकेर कृषिमा आवद्ध हुन युवा स्वरोजगार कार्यक्रमलाई निरन्तरता दिइने छ । कृषि  क्षेत्रमा समुचित, व्यवस्थित र वैज्ञानिक लगानीद्धारा वास्तविक र मेहनती किसानहरुको कर्मयोगी हातहरुसंग हातेमालो गर्न सहकारीको माध्यमबाट किसानलाई गोलवद्धरुपमा राखि विउँ उत्पादन प्रशोधन लगायतका कार्य गर्ने गरि सहकारी सञ्चालन र खजुरा सहकारी संस्था मार्फत विउ खरिद, उत्पादन र प्रशोधन गर्ने कार्यको थालनी गरिसकेका छौ । भने यसलाई अझ प्रभावकारीरुपमा विउँ बैंकको रुपमा स्थापना गरिने छ ।
- हरेक वडा र गाउँलाई व्यवसायिक कृषि फार्मको विकासमा जोड दिइने छ । विदेश पलायन भएका युवाहरुलाई कृषिमा आकर्षण र रोजगारी सिर्जना गर्न युवा स्व-रोजगार कार्यक्रम लागु गरिने

भएकाले युवा स्वरोजगार कार्यक्रममा जोड दिन बजेटको व्यवस्था मिलाइने छ । युवाहरुलाई दिइने रोजगारीबाट गाउँपालिकालाई खाद्यन्नमा आत्मनिर्भर गराइने छ ।

- दुध, मासु र अण्डाको उत्पादनमा खजुरालाई आत्मनिर्भर बनाई नजिकको बजारमा समेत आपूर्ति गर्न पशुपन्छी विकास कार्यक्रममा जोड दिइने छ । किसानहरुका लागि निशुल्क नश्ल सुधार कार्यक्रम लागु गरिने व्यवसायिक बाखा, गाई, भैसी, कुखुरा पालन गर्ने किसानलाई प्राविधिक लगायतका अन्य सुविधाहरु उपलव्ध गराइने छ भने आफुले पाली आएका पशुबस्तुहरु छाडा छाड्ने व्यक्तिहरुलाई कानुन निर्माण गरि कार्यवाही गरिने निति समावेश गरिने छ ।
- शिक्षा क्षेत्रमा आमुल परिवर्तन गर्न यथोचित बजेट व्यवस्थापन गरि यसै निशुल्क र आधारभुत अनिवार्य शिक्षा गाउँपालिका कायम गर्ने, शिक्षाको गुणस्तरमा सुधार गर्दै लैजाने प्रविधि मैत्री शिक्षाका लागि अनलाइन, रेडियो,टिलिभिजन,इन्टरनेट कक्षा संचालन गरिने र प्राविधिक शिक्षा उपलव्ध गराउने र हरेक वालवालिकाहरु शिक्षाबाट बञ्चित नहुन भन्नाका लागि विशेष शिक्षा कार्यक्रम संचालन गरिने निति लिइने छ ।
- स्वास्थ्य संस्थाहरुलाई व्यवस्थित र सेवाग्राहीमुखी बनाउन विशेष पहल गरिने छ । खजुरा प्राथमिक स्वास्थ्य केन्द्रलाई १५ सैयाको अस्पतालको निर्माण कार्य यसै आ.व.मा सम्पन्न गरी स्वास्थ्य सेवालाई सहज बनाइनेछ । जनक शिक्षा सामाग्री केन्द्रको छापाखाना भवनमा संचालनमा रहेको ४० शैयाको पालिकास्तरीय कोभिड-१९ आइशोलेशन केन्द्रलाई थप व्यवस्थित गरिनेछ । स्वास्थ्य सेवामा जनताको घरदैलो अभियान अन्तर्गत हामीले हरेक वडाबाट निशुल्क जेष्ठ नागरिक स्वास्थ्य सेवा पुर्‍याएका छौ भने प्रदेश सरकारको समेत सहभागितामा ८४ वर्ष पुरा गरेका जेष्ठ नागरिकहरुलाई घरदैलोमा नै स्वास्थ्यकर्मी पुर्‍याई स्वास्थ्य जांच गर्ने र निशुल्क औषधी उपचार गर्ने स्वास्थ्य निति लिइएका छौ । कोभिड-१९ संक्रमण हुँन नदिन कन्ट्रयाक्ट ट्रेसिंगको आधारमा पालिकास्तरमा पि.सि.आर. र आर.डि.टि. परिक्षणमा जोड दिइने छ ।
- रकमको अभावमा खजुराकाकुनै पनि नागरिक स्वास्थ्य सेवा लिनबाट बञ्चित हुन नपरोस भन्नका लागि यस खजुरा गाउँपालिकामा हरेक घर परिवारलाई अनिवार्य स्वास्थ्य विमा गराउने र स्वास्थ्य विमाको सुविधा लिन नसक्ने अति विपन्न परिवारहरुलाई गाउँपालिकाबाटै स्वास्थ्य विमा गरिदिने व्यवस्थाका लागि बजेटमा आवश्यक व्यवस्था मिलाईने छ ।
- आजका युवा भोलीका कर्णधार हुन उनीहरुलाई कुलतबाट जोगाई सुन्दर संसार निर्माणमा हातेमालो गर्दै युवाहरुलाई जिम्मेवार नागरिकको बोध दिलाउन विभिन्न स्थानिय, क्षेत्रीय तथा राष्ट्रिय खेलकुदमा सहभागि गराउने, बालक्लव, बालक्लब सञ्जाल गठन गरि सो मार्फत जागरुक र असल नागरिक निर्माण गर्न विशेष कार्यक्रमहरु संचालन गर्न युवा निति बनाई अवलम्बन गरिने छ । युवा तथा खेलकुद कार्यक्रम संचालनका लागि आवश्यक बजेटको व्यवस्था गरिने छ ।
- हाम्रा अग्रज बृद्ध बुवा आमाहरुले यस संसारलाई चिनाउने र यस धरतीमा हाल सम्म उहाँहरुले गर्नु भएको योगदानको पूर्ण कदर गर्दै जेष्ठ नागरिकहरुलाई सम्मान गरिने , हालको परिस्थितिमा एक्लै जीवन निर्वाह गरि दैनिक जीवन कष्टकर बन्दै गएको परिप्रेक्ष्यलाई मध्य नजर गर्दै आफ्ना सर्कलका व्यक्तिहरुसंग भेटघाट भलाकुसारी गर्ने थलोको रुपमा हरेक वडामा जेष्ठ नागरिकहरुका लागि खुशीयाली घर तथा दिवा सेवा केन्द्र आ.व.मा कम्तीमा १ वडामा १ (एक) रहने गरि क्रमिक रुमा अन्य वडाहरुमा स्थापना गर्न आवश्यक व्यवस्था गरिने छ ।
- नागरिकलाई स्वच्छ खानेपानी उपलव्ध गराउन खानेपानी तथा सरसफाई, व्यवस्थित ढल निकास, नाली सहितको व्यवस्थित सडक निमार्ण, दिर्घकालिन डम्पिङ् साईडको व्यवस्था गर्ने तर्फ हाम्रो नीति तथा कार्यक्रम केन्द्रित हुनेछ ।
- खजुरा गाउँपालिकाको समुन्नतिका लागि UNOSSC द्वारा कार्यक्रमका लागि विस्तृत अध्ययन सम्पन्न भई सकेको छ र हाम्रो गाउँपालिकालाई (हरित शहर) Green City बनाउने योजनाको प्रस्ताव अधि बढी सकेको छ र यो परियोजना सन् २०२० बाटै संचालनमा ल्याउने तयारी भई रहेका बेला चिन हुँदै विश्वमा फैलिएको कोरना भाइरसका कारण कार्यान्वयनमा ल्याउन बाधा

पुगेको भएतापनि यस वर्ष UNOSSC द्वारा खजुरामा १ लाख युएस डलर (करिब नेपाली १ करोड १८ लाख) बराबरको कार्यक्रम पेश गरेको छ । चाडै खजुरामा (हरित शहर) Green City बनाउने योजनाले सफलता प्राप्त गर्न सक्ने छ ।

- यस आर्थिक वर्षको वार्षिक नीति तथा कार्यक्रम र बजेट तर्जुमाका आधारहरु नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन २०७४, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन २०७४, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४, संघीय र प्रदेश सरकारले जारी गरेको नीति, कानुन तथा मापदण्डहरु, स्थानीय तहमा वजेट तर्जुमा दिग्दर्शन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिका २०७४, संघीय, प्रादेशिक योजना, स्रोत साधन, विकासका अन्तरसम्बन्धित विषयहरु, नेपाल सरकारले अन्तराष्ट्रिय जगतमा जनाएका प्रतिबद्धताबाट सिर्जित दायित्वहरु संघ र प्रदेश सरकारले अवलम्बन गरेका अन्य आर्थिक नीतिहरु आदि रहेको छ ।

नीतिलाई मूल नीति र क्षेत्रगत नीति गरी देहाय बमोजिम उल्लेख गरेको छ ।

## मूलनीति

१। औद्योगिकग्राम निर्माण कार्यलाई र प्रदेश विश्वविद्यालय स्थापना गर्न विशेष कार्यनिति ल्याई कार्यान्वयन गरिने छ ।

२। संविधानले स्थानीय तहमा हस्तान्तरण गरेको स्थानीय तहको अधिकार सूची भित्र रही बार्षिक, मध्यकालिन र दिर्घकालिन योजना बनाई कार्यक्रमहरु कार्यान्वयन गर्ने नीति लिइनेछ ।

३। राष्ट्रिय योजना, प्रदेश योजना, संघीय सरकार र  प्रदेश सरकारको बार्षिक वजेटको लक्ष्य तथा उद्धेश्य र नेपाल सरकारले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा व्यक्त गरेका प्रतिवद्धता समेतलाई मध्यनजर गरी गाउँपालिकाको योजना तथा कार्यक्रमहरु तयार गर्ने नीति लिइने छ ।

४। समावेशी र सहभागितामुलक योजना तर्जुमा पद्धतिको अवलम्बन गर्दै प्राथमिकता प्राप्त योजना तथा क्रियाकलापहरु छनौट र कार्यान्वयन गर्ने नीति लिइनेछ । योजना कार्यान्वयनमा जनताको प्रत्यक्ष र अधिकतम सहभागिता गराउने नीति लिइने छ ।

५। सुशासन, पारदर्शीता, जवाफदेहीता र उत्तरदायी शासन प्रणाली तथा भ्रष्टाचारमुक्त समाज निर्माण गर्ने नीति लिइनेछ ।

६। स्थानीय श्रोत साधनको पहिचान गरी यसको अधिकतम उपयोग गर्ने नीति लिइने छ ।

७। नागरिकलाई उद्यमशील र सीपयुक्त बनाइ रोजगारीको अधिकतम अवसर सिर्जना गरी गरिबि न्यूनीकरण गर्ने नीति लिइनेछ ।

८। सरकारी, निजी क्षेत्र र गैरसरकारी तथा सहकारी क्षेत्रको क्षमता र विषय विज्ञतालाई अधिकतम उपयोग गर्ने तथा सहकार्य र साझेदारीमा काम गर्ने नीति लिइनेछ ।

९। गाँउपालिकाको हितलाई प्राथमिकता दिई आन्तरिक र बाह्य लगानीलाई प्रोत्साहन गर्ने नीति लिइनेछ ।

१०। नविनतम विद्युतिय प्रणालिको उपयोग मार्फत सेवा प्रवाह सहज र सरल बनाउन पालिकास्तरिय संचार नीति बनाई कार्यानवयन गरिने छ ।

११। कोरना भाइरस (कोभिड-१९) रोकथाम र नियन्त्रणमा पश्चात आउने आर्थिक मन्दीलाई कम गर्ने नीति लिइने छ ।

१२। बैदेशिक रोजगारबाट फर्किएका वेरोजगार युवाहरुलाई रोजगारी दिने खालका योजनाहरु तय गर्ने निति लिइने छ ।

१३। कृषिमा उत्पादक र उत्पाकत्व बढाउने, आत्मनिर्भर हुने कृषि बस्तु आयत कम निर्यात बढी गर्ने निति लिइने छ ।

१४। गाउँपालिकाबाट संचालन गरिने कार्यक्रम जनताका लागि जनताकै घरदैलोमा देख्न, सुन्न, हेर्न र अनुभव गर्ने कार्यक्रम ल्याइने छ ।

१५। गाउँपालिकाको सिफारिसमा उद्यम गर्ने युवाहरुलाई बैंक वित्तीय संस्था मार्फत रु.१० देखि १५ लाख सम्म विना धितो कर्जा उपलब्ध गराउन सक्ने व्यवस्था मिलाइने छ । हाल राष्ट्रिय बाणिज्य बैंक संग सम्झौता भई सकेको छ भने अव थप वित्तिय संस्था र संघीय सरकारसंग सहकार्य र समन्वय गरिनेछ ।

गाउँसभाका सदस्यज्यूहरु, अब म क्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्दछु ।

**क्षेत्रगत नीति तथा कार्यक्रमहरु**

१ आर्थिक विकास : कृषि, पर्यटन, उद्योग तथा बाणिज्य, सहकारी, वित्तिय संस्था सम्बन्धि नीति तथा कार्यक्रमहरु

**कृषि तर्फ**

क) कृषिमा आधुनिकीकरण र व्यावसायिकरणका लागि कृषकहरुलाई प्रोत्साहन गरिनेछ ।

ख) कृषकलाई मल र विउमा सहुलिएत दिन अनुदानका लागी आवश्यक वजेटको व्यवस्था गरिनेछ ।

ग) कृषि उपज बजारिकरणको लागि व्यवस्थित कृषि तथा हाट बजारको स्थापना गरिने छ ।

घ) कृषि बाली तथा पशु विमाका लागि कृषकहरुलाई अनुदान दिने र कृषि तथा पशु विमा कार्यक्रमलाई प्रोत्साहित गर्ने व्यवस्था मिलाइनेछ ।

ङ) कृषि तथा भेटनरी प्राविधिकहरूले कृषि फार्म तथा कृषकको घरदैलो मै पुगेर सेवा दिने प्रबन्ध गरिने छ।

च) कृषकहरुको क्षमता अभिवृद्धिका लागि तालिम, भ्रमण लगायतका कार्यक्रम संचालन गरिने छन् ।

छ) अर्गानिक प्रवर्द्धनका लागि आइ.पि.एम. तरकारी खेतिलाई विशेष प्रोत्साहन गरिने छ ।

ज) कोरना भाइरस कोभिड-१९ विशेष कृषि कार्यक्रम संचालन गरिने छ ।

झ) गाउँपालिका स्तरीय कृषि प्रोफाइल (कृषि तथ्यांक) तयार गरि कार्यान्वयमा ल्याइने छ ।

ञ) लागत साझेदारीमा बाखा पकेट कार्यक्रम, भैसी पकेट, बंगर कुखरा र माछा पकेट विकास कार्यक्रम संचालनमा ल्याइने छ ।

ट) कृषि तथा पशुउद्यमशिलता परियोजनाबाट कृषि तथा पशुपालनबाट खजुरा गाउँपालिकाका युवा तथा महिलाहरुलाई रोजगारीको व्यवस्थापन गर्दै लगिने छ ।

**पर्यटन तर्फ**

क) कृषि तथा पशुपन्छी पर्यटन प्रर्वधनको नीति लिई स्थानिय तहमा रोजगार सृजना गर्न अनुदानका कार्यक्रमहरु ल्याईने छ ।

ख) गाउँपालिकामा भएका पुरातात्विक क्षेत्र संरक्षण र प्रर्वद्धन गरि पर्यटकहरु आकर्षक गर्ने कार्यक्रम ल्याइने छ । यसका लागि DPR गरी योजना बैंकमा राखीने छ ।

ङ) "अतिथि देवो भव:" भन्ने अवधारणलाई "होमस्टे" मार्फत कार्यान्वयन गर्ने व्यवस्था गरिने छ ।

**उद्योग तर्फ**

क) **स्थानीय कच्चा पदार्थमा आधारित लघु तथा घरेलु उद्यमहरुको प्रवद्धन गर्न सीपमुलक तालिमको व्यवस्था गरी उत्पादित वस्तुको बजारीकरणको सुनिश्चितता प्रदान गर्न सहयोग पुग्ने गरी कार्यक्रम तथा बजेट व्यवस्था गरिने छ ।**

**ख)** **विदेशबाट फर्किएका** तथा रोजगारीको खोजिमा रहेका व्यक्तिहरुमा रहेको सीपको विवरण रोजगार सूचना केन्द्रमा अध्यावधिक गरी **स्थानीय तह र प्रधानमन्त्री रोजगार कार्यक्रको वीच तालमेल गरी** त्यस्तो जनशक्तिलाई स्थानीय तह भित्र उपलब्ध हुने निर्माण सेवा, व्यवसाय, उद्योग, कृषि लगायतका क्षेत्र **तथा** रोजगार दातासँग समन्वय गरी रोजगारी प्रदान गर्न सहजिकरण गर्ने व्यवस्था मिलाइने छ ।

ग) गाउँपालिकामा दर्ता भई संचालनमा ल्याउन उद्योगहरुको दर्ता प्रक्रियालाई सरलीकृत गर्दै व्यवसायी अनुकुल वातावरण निर्माण गरिने छ ।

घ) सीपमूलक तालिमको व्यवस्था गरि प्रधानमन्त्री रोजगार कार्यक्रमबाट रोजगार प्राप्त गर्न सुनिश्चित गरिने छ ।

ङ) बैदेशिक रोजगारमा जाने युवाहरुको तथ्यांक संकलन गरिने छ । प्रवासमा रहँदा सिकेको सीपलाइ प्रमाणीकरणको व्यवस्था गरी स्वदेशमै व्यवसायमा लाग्न प्रेरित गरिनेछ ।

च) स्थानीय उद्योगहरु संचालन गर्न प्रोत्साहन गरिनेछ ।

छ) केन्द्र सरकार तथा प्रदेश सरकारको एक पालिका एक औद्योगिक ग्रामको निति अनुरुप खजुरा गा.पा. वडा नं. ६ पुरैना स्थित नेपाल सरकारको नाममा रहेको जग्गा भित्र औद्योगिक ग्रामको निर्माण कार्यलाई तिव्रता दिइनेछ ।

ज) स्थानिय कच्चा पदार्थमा आधारित लघु तथा घरेलु उद्यमहरुको प्रवर्धन गर्न सीपमुलक तालिमको व्यवस्था गरी उत्पादित बस्तुहरुको बजारिकणको सुनिश्चिता प्रदान गर्न सहयोग पुग्ने गरि कार्यक्रम बनाइने छ । लघु घरेलु तथा साना उद्योगी व्यवसायीहरुका लागि क्षमता अभिवृद्धि गर्न सरोकारवाला निकायसंग समन्वय गरिने छ ।

झ) स्वच्छ मासु उत्पादन गर्नका लागि आधुनिक बधशाला निर्माण कार्यलाई अगाडि बढाइने छ ।

ञ) कृषि, घरेलु तथा साना उद्यमीहरुलाई दक्ष बनाउने निती लिइने छ ।

## सहकारी तर्फ

**क) सहकारिलाई उत्पादन तथा स्वरोजगार स्थापना तर्फ लक्षित गरिनेछ । सहकारी संस्थाहरुको नियमन तथा क्षमता अभिबृद्धि गरी आर्थिक विकास र कृषि विकासको मूल आधारको रुपमा सहकारी संस्थालाई स्थापित गरिनेछ ।**

**ख) काम गर्ने उमेर र जोश जाँगर भएका युवायुवतिलाई व्यवसायिक तथा सिपमूलक तालिमको माध्यमद्वारा स्वरोगार तथा रोजगारीमा आवद्ध गरिनेछ ।**

ग) सहकारीलाई गाउँपालिकाको समग्र अर्थतन्त्रमा आर्थिक वृद्धिको एक अंगको रुपमा लिई सक्षम बनाइनेछ।

घ) गाउँपालिका भित्र रहेका सम्पूर्ण सहकारीहरुको संचालन सम्बन्धि विस्तृत अध्ययन गरि प्रतिवेदन तयार गरिने छ ।

ङ) गरिबी निवारण कोषबाट प्रबर्द्धित सामुदायिक संस्थाहरुमा रहेको घुम्ती कोषलाई बीउ पुँजीको रुपमा प्रयोग गरी स्थानीयस्तरमा आर्थिक गतिविधि सञ्चालन गर्न यी संस्थालाई सहकारी प्रणालीमा रुपान्तरण गरिने छ ।

च) सहकारी सिद्धान्त र मुल्य मान्यतासंग तादात्मयता हुने गरी एकै प्रकारका उद्देश्य भएको सहकारीहरुलाई समायोजन गरी ब्यवस्थित गरिनेछ ।

छ) सहकारीबाट उत्पादित वस्तु र सेवाको बजारीकरणलाई व्यवस्थित गरिने छ ।

ज) स्थानीय श्रोत साधन, श्रम सीप र पुँजीलाई व्यापक रुपमा परिचालन गरिनेछ ।

**२. सामाजिक विकास :** शिक्षा, स्वास्थ्य, खेलकुद,खानेपानी तथा सरसफाई, संस्कृति प्रर्वधन, लैगिक समानता र सामाजिक समावेशीकरण (महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, दलित, आदिवासी जनजाति, मधेशि, मुस्लिम, थारु, अल्पसंख्यक समुदाय सम्बन्धि नीति तथा कार्यक्रमहरु

**<u>शिक्षा तर्फ</u>**

१. ३० सार्वजनिक विद्यालय र १७ वटा मदरसाका कक्षाकोठामा कार्पेट , फ्यान, फर्निचर ,विद्युत महशुल ,खानेपानी तथा सरसफाइ , खेलकुद र मर्मत सम्भार गरी कक्षा कोठा सबलीकरण गरिनेछ ।

२ बालविकास र शिक्षक दरबन्दीलाई शिक्षक विद्यार्थी अनुपातको आधारमा दरबन्दी मिलान गर्ने र नपुग दरबन्दी पालिका स्तरबाट अनुदान शिक्षक र शिक्षक विद्यार्थी अनुपात बढी भएका विद्यालयमा एकमुष्ठ शिक्षक अनुदान उपलब्ध गराई शिक्षक ब्यवस्थापन गर्ने ब्यवस्थालाई निरन्तरता प्रदान गरिनेछ ।

३ विद्यालयस्तरमा प्रतिभा खोजी गर्नका लागि अतिरिक्त क्रियाकलाप मार्फत पालिकास्तरमा एथलेटिक्स र भलीवल आदि प्रतयोगिता पालिकास्तरमा सञ्चालन गर्नमा जोडदिइनेछ ।

६ आधारभूत तह पूर्णरुपमा निशुल्क र अनिवार्य शिक्षा प्रदान गर्नका लागि विद्यालय सञ्चालन तथा ब्यवस्थापन अनुदानमा पालिका तर्फबाट न्यूनतम दरबन्दी परिपूर्ती गर्न शिक्षक अनुदान निकासा गरी आधारभूत तह पूर्ण निःशुल्क तथा अनिवार्य शिक्षा लागू गर्न प्राथमिकता दिइनेछ ।

७ कोभिड १९ को संक्रमणको कारण विद्यालय शिक्षामा प्रत्यक्ष कक्षा सञ्चालन गर्न गराउन नसकिरहेको अवस्थामा विद्यालय शिक्षामा सूचना प्रविधिको अधिकतम प्रयोग गर्न शिक्षक र विद्यार्थीको क्षमता अभिवृद्धि गर्न आइसिटी तालिम प्रदान गरिनेछ।

८ प्रविधिमा पहूँच नभएका बालबालिकाहरुलाई घरमा रेडियो एफएम टिभि र पाठ्यपुस्तकबाट स्वसिकाइ गर्न अभिभावकहरुमध्येबाट स्वयमसेवक परिचालन गरी टोल पढाइ समूह गठन गरी निरन्तर पठन संस्कृतिको विकासमा जोड दिइनेछ ।

९ निशुल्क पाठ्यपुस्तक बालबालिकाहरुको हातमा शैक्षिक सत्र शुरु भएको १५ दिनभित्र उपलब्ध गराइनेछ ।

१० सामायोजित पाठ्यक्रम ढाँचा २०७७ वमोजिम विद्यार्थी स्वयमले सिक्न सक्ने र शिक्षकको सहजीकरणमा विद्यार्थीले सिक्न सिकाउन सकिने विषयवस्तुलाई एकीन गरी थप पाठ्य सामग्री गृहकार्य र परियोजना निर्माण गरी विद्यार्थीलाई उपलब्ध गराइनेछ ।

११ घरमा बालबालिकाहरुले समयतालिका निर्माण गरी सिक्ने सिकाउने वातावरण तयार गर्न अभिभाव सचेतना कार्यक्रम लागू गरिनेछ ।

१२ सिकाइलाई प्रभावकारी बनाउन दूर र प्रत्यक्ष मोडालिटिबाट अनुगमन तथा निरीक्षण गरी प्रतिवेदन पेश गर्ने ब्यवस्था मिलाइनेछ ।

१३ सम्पूर्ण विद्यालयमा इन्टरनेट जडान गरी भर्चुअल सिकाइमा जोडदिइनेछ ।

१४ राधापुर, सितापुर ,उढरापुर र बागेश्वरी सामुदायिक सिकाइ केन्द्रलाई वैकल्पिक प्रणालीबाट सिकाइ सहजीकरण गर्न र टोल पढाइ समूह गठन गर्न परिचालन गरिनेछ ।

१५ मापदण्ड पुगेका विद्यालयमा सूचना प्रविधिको प्रयोग गरी भर्चुलकक्षा सञ्चालन गर्न सक्ने सूचना प्रविधि मैत्री विद्यालयको रुपमा विकास गर्ने र डिजिटिल स्कूलको पहिचान र अभ्यास गर्न सक्षम बनाइनेछ ।

१६ बहिरा बालबालिकाहरुको लागि ने रा आदर्श आविमा सञ्चालित स्रोत कक्षाको ब्यवस्थापन र प्रभावकारितामा जोड दिइनेछ ।

१७ विद्यालय बाहिर रहेका आधारभूत तहका ८५१ जना बालबालिकाहरुलाई औपचारिक र अनौपचारिक मोडालिटिबाट विद्यलायमा भर्ना गर्न टिकाउन र गुणस्तरीय शिक्षा प्रदान गर्न समता रणनीतिक कार्यान्वयन योजना २०७७ लागू गरिनेछ । विद्यालय उमेर समूहका बालबालिका शतप्रतिशत विद्यालयमा भर्ना भएको पालिका घोषणा गरिनेछ ।

१८ शैक्षिक गुणस्तर कायम गर्नका लागि विद्यालयमा विज्ञान प्रयोगशाला पुस्तकालय सूचना प्रविधि ल्याव स्थापना र अंग्रेजी गणित विज्ञानका शैक्षिक सामग्री निर्माण गर्नका लागि अनुदान उपलब्ध गराइनेछ ।

१९ ज्ञानोदय माध्यमिक विद्यालय खजुरा र जनता माध्यमिक विद्यालय सन्तकुटीमा नमुना विद्यालय स्थापनाका लागि गुरुयोजनाअनुसार शैक्षिक र प्रशासनिक भवन निर्माण गरिनेछ ।

२० ज्ञानोदय माध्यमि विद्यालय खजुरामा कक्षा ९ देखि १२ कक्षासम्म सञ्चालित प्राविधिक र ब्यवसायिक धार अन्तर्गत इन्जिनयिरङ्ग कक्षा र जनता माध्यमिक विद्यालय सन्तकुटीमा सञ्चालित बाली विज्ञानका कक्षालाई प्राविधिक र ब्यवसायिक दक्षता अभिवृद्धि गरी गुणस्तरीय शिक्षा प्रदान गर्नमा जोड दिइनेछ ।

२१ बालविकास र विद्यालयको नक्सांकन गरी विद्यालय समायोजन तह र कक्षा थप गरिनेछ ।

२२ नीजि विद्यालयहरुलाई संस्थागत विद्यालयहरुको मापदण्ड पालन गर्न लगाइ गुणस्तरीय शिक्षा प्रदान गर्न नियामक गरिनेछ । अनुगमन तथा निरीक्षण गरी तोकीएको मापदण्ड वमोजिम स्तर भए नभएको एकीन गरी मापदण्ड पालन गर्न लगाइनेछ ।

२३ खजुरा गाउँपालिकामा सामुदायिक र संस्गाथत विद्यालयमा कार्यरत उत्कृष्ट विद्यालय , विद्यार्थी ,शिक्षक ,अभिभावक र विद्यालय ब्यवस्थापन समितिका पदाधिकारीहरुलाई पुरस्कृत र सम्मान गरिनेछ ।

२४ कक्षा १ देखि ५ कक्षासम्मका बालबालिकाहरुको स्वास्थ्य र पोषणका लाग दिवा खाजा कार्यक्रम लागू गरिनेछ ।

२५ कक्षा ६ देखि १२ कक्षासम्मका सामुदायिक विद्यालयका छात्राहरुकालागि महिनावारी भएको समयमा सरसफाइका लागि स्यानीटरीप्याड उपलब्ध गराइनेछ ।

२६ धार्मिक विद्यालय मदरसाहरुको ब्यवस्थापन पक्षमा सुधार गर्न पालिकाबाट अनुदान उपलब्ध गराइनेछ ।

२७ पूर्व प्राथमिक कक्षाका बालबालिकाहरुको सहजीकरणलाई प्रभावकारी बनाउनकालागि पूर्व प्राथमिक शिक्षकहरुलाई तालिमको ब्यवस्था गरिनेछ ।

२८ सफा विद्यालय, हरियाली विद्यालय , सुरक्षित विद्यालय र शान्तिक्षेत्र विद्यालय स्थापना गर्न जोड दिइनेछ ।

२९ अपाङ्गता भएका बालबालिकाहरुलाई परिचय पत्र उपलब्ध गराइ विद्यालयमा भर्ना गर्ने र गैर आवशीय र आवाशीय छात्रवृत्ति उपलब्ध गराइनेछ ।

३० पूर्व प्राथमिक शिक्षक र विद्यालय कर्मचारीहरुलाई थप पारिश्रमिक उपलब्ध गराइनेछ ।

३१ विद्यालयले विगतमा गरेका असल अभ्यासहरुलाई निरन्तरता दिने र सार्वजनिक विद्यालय र नीजि विद्यालयहरुबीच सहकार्य र समन्वय गर्ने ब्यवस्था मिलाइनेछ ।

३२ कोभिड १९ र अन्य विपदमा परेका बालबालिकाहरुलाई थप सुविधा उपलब्ध गराइनेछ ।

३३ मुस्लिम मधेशी दलित गरिव र सीमान्तकृत वर्गमा रहेका बालबालिकाहरुलाई छात्रवृत्ति उपलब्ध गराइनेछ ।

३४ प्रदेश र संघ सरकारसँग समन्वय गरी २० प्रतिशत लगानी पालिकाले ब्यहोर्ने र ८० प्रतिशत प्रदेश र संघले ब्यहोर्ने गरी छोटा र लामा अवधिका प्राविधिक ब्यावसायिक धारमा जनशक्ति उत्पादन गरिनेछ ।

३५ खजुरा गाउँपलिकामा शिक्षा क्षेत्रमा क्रियाशील राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संघ संस्थासँग समझदारी कायम गरी कार्यक्रम सञ्चालन गर्न दिइनेछ ।

३६ प्रत्येक विद्यालयमा योग शिक्षा दिनकोलागि जोड दिइनेछ ।

३७ विद्यालयस्तरको शैक्षिक तथ्याङ्कहरु अध्यावधिक गरी पालिकास्तरको प्रोटफोलियो निर्माण गरी विद्यालय सुधार र योजना गाउँ शिक्षा योजनाहरु निर्माण अद्यावधिक र कार्यान्वयनमा जोड दिइनेछ ।

३८ विद्यालय र विद्यार्थीका प्रतिभा पहिचान गर्नका लागि शैक्षिक महोत्सव र अतिरिक्त क्रियाकलाप सञ्चालन गर्न जोड दिइनेछ ।

३९ स्थानीय पाठ्यक्रम निर्माण गरी पालिकास्तरमा कार्यान्वयनमा जोड दिइनेछ ।

४० कक्षा १ देखि कक्षा ८ सम्मका छात्रा तथा दलित बालबालिकाहरुलाई छात्रवृत्ति उपलब्ध गराइनेछ ।

४२ अनौपचारिक शिक्षा कार्यक्रमको माध्यमबाट ४ प्रतिशत निरक्षरलाई साक्षर गराउने कार्यक्।म लागू गरिनेछ ।

४३ गरिव, सीमान्तकृत र पछाडि पारिएका परिवारका बालबालिकाहको आयआर्जन वृद्धि गर्न कृषि शाखा, प्रधानमन्त्री रोजगार शाखा ,उद्येग शाखा, स्वास्थ्य शाखा र शिक्षा शाखाले संयुक्तरुपमा उक्त परिवारलाई प्राथमिकता राखी कार्यक्रम सञ्चालनमा जोड दिइनेछ ।

४४ विद्यालयको भवन भूकम्प प्रतिरोधी बालमैत्री र अपाङ्गमैत्री निर्माण गर्न प्राथमिकता दिइनेछ ।

४५ सामुदियक पुस्तकालय स्थापना गर्ने निति लिईनेछ ।

## स्वास्थ्य तर्फ

- संघिय सरकारबाट प्राप्त शसर्त कार्यक्रम र बजेटसँग तालमेल हुने गरी स्वास्थ्यका कार्यक्रमहरुलाई प्रभावकारी बनाउन थप बजेटको ब्यवस्था गरी सर्बब्यापी पहुँचको अवधारणा अनुसार गाउँ वासीलाई निःशुल्क आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवा प्रवाह भएको सुनिश्चित गरिने छ ।
- प्राथमिक स्वास्थ्य केन्द्रहरु , स्वास्थ्य चौकीहरु तथा आधारभुत स्वास्थ्य केन्द्रहरुबाट प्रदान गरिदै आएका स्वास्थ्य सेवाहरुलाई थप गुणस्तरीय बनाउन र औषधि उपकणको अभाव हुन नदिन बजेट विनियोजन गरिनेछ । साथै गाउँपालिका भित्र बसोबासगर्ने गरिव , सिमान्तकृत तथा पछाडि परेका समुदाय भएका क्षेत्रहरुमा आवश्यकताका आधारमा स्वास्थ्य सेवाको विस्तार गर्दै लगिने छ ।
- अति विपन्न, सिमान्तकृत तथा पछाडि परेका समुदायका गर्भवती , प्रसुती तथा सुत्केरी अवस्थामा जटिलयुक्त समस्या भएका महिलाहरुको प्रेषण ब्यवस्थापन गर्न आर्थिक कठिनाई पर्दा तत्काल सापटी रकम उपलब्ध गराउने उद्देश्यले प्रसुती केन्द्र भएका स्वास्थ्य संस्थाहरुमा स्थापित आकष्मिक चक्रकोषलाई थप प्रभावकारी तथा दिगो बनाउन आवस्यक कानुन तथा निर्देशिका बनाई लागु गरिनुका साथै कोष सञ्चालनको निम्ति आवस्यक बजेट विनियोजन गरिनेछ ।
- आधारभुत अस्पतालमा आकस्मिक स्वास्थ्य सेवा , सुरक्षित मातृत्व तथा नवशिशु स्वास्थ्य सेवा , बहिरंग र अन्तरंग सेवालाई थप गुणस्तरीय र प्रभावकारी बनाउन अत्यावश्यक पर्ने श्रोत ब्यवस्था गरिने छ ।
- स्वास्थ्य संस्था संचालन तथा ब्यवस्थापन समितिका कार्यहरु थप प्रभावकारी वनाइनुका साथै स्वास्थ्य संस्थाको नियमित अनुगमन गरी स्वास्थ्यकर्मीको मनोवल बढाउने तथा स्वास्थ्य क्षेत्र शुसासन कायम गर्ने कार्यलाइ प्राथमिकता दिइने छ । साथै आधारभुत स्वास्थ्य केन्द्रका स्वास्थ्य संस्था संचालन तथा ब्यवस्थापन समितिहरुको जिम्मेवारीलाइ थप सुदृण तथा प्रभावकारी बनाउन आवस्यक पहल गरिनेछ ।
- जोखिममा रहेका र वञ्चितीमा परेका जनताको स्वास्थ्यसम्बन्धी विशेष आवश्यकता पूरा गरी उनीहरूको स्वास्थ्यसेवा माथिको समतायुक्त पहुँच एवम् उपयोग सुनिश्चित गर्न लक्षित कार्यक्रम सञ्चालन गरिनेछ ।

- पालिका स्तरको महामारी, रोग नियन्त्रण तथा विपद् व्यवस्थापन आकस्मिक योजना बनाई कार्यन्वयन गरिने छ । साथै महामारी तथा प्राकृतिक प्रकोपको ब्यवस्थापन गर्न पालिका स्तरमा कोष स्थापना गरिनेछ ।
- पालिकाका बासीन्दालाई प्रदान गरिने स्वास्थ्य सेवालाई व्यवस्थित गरि थप गुणस्तरीय र प्रभावकारी बनाउन गाउँपालिकाको स्वास्थ्य निती र स्वास्थ्य ऐन तर्जुमा गरी कार्यन्वयनमा लगिने छ ।
- स्वास्थ्य सुचना प्रणाली तथा आपुर्ति ब्यवस्थापनलाई थप ब्यवस्थित गर्न सम्पुर्ण स्वास्थ्य संस्थाहरुवाटै अनलाइन माध्यमबाट प्रतिवेदन प्रविष्ट गर्ने ब्यवस्था मिलाइनुका साथै तथ्याकंको गुणस्तर सुधारको लागि तथ्याकं लेजाजोखा (RDQA) र समिक्षा कार्यलाइ थप ब्यवस्थित बनाइने छ ।
- कोरोना भाइरस रोगको संक्रमण रोकथाम , उपचार र नियन्त्रणका लागि प्रदेश र संघिय सरकारसँग समन्यव गरी मापदण्ड अनुसारको ब्यवस्थापन गरिने छ ।
- स्वास्थ्य संस्थामा सुत्केरी हुने दर बढाइ मातृ तथा नवशिशु स्वास्थ्य र पोषण स्थितीमा सुधार ल्याउन स्वास्थ्य संस्थामा सुत्केरी गराउन आउने आमाहरुलाई थप प्रोत्साहनको ब्यवस्था गरिने छ । सथै सुरक्षीत मातृत्व तथा परिवार नियोजन कार्यक्रमलाइ अझबढी सुदृढीकरण गर्दै लैजानका लागि मातृ तथा नवजात शिशु तथा परिवार नियोजन योजना (MNCH/FP)को छुट्टै समिक्षा गर्ने व्यवस्था मिलाइने छ ।
- जेष्ठ नागरिक, ५ वर्ष मुनिका बालबालीकाहरु र महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई उपलव्ध गराउदै आएको निःशुल्क स्वास्थ्य सेवा कार्यक्रमलाई निरन्तरता दिई थप ब्यवस्थित बनाइने छ ।
- विद्यालयमा विद्यार्थीको नियमित स्वास्थ्य जाँच गर्ने ब्यवस्था गरी किशोर किशोरीहरुलाई उचित परामर्शको ब्यवस्था गरिने छ ।
- महिला स्वास्थ्य स्वयं सेविकाको सेवालाई थप प्रभावकारी वनाउन प्रोत्साहनका लागि आवस्यक ब्यवस्था गरिने छ ।
- उच्च रक्तचाप, क्यान्सर, मधुमेह, दम, कलेजो, मिर्गौला लगाएतका नसर्ने रोगको पहिचान परीक्षण र उपचारका कार्यक्रमहरु प्रदेश तथा संघिय सरकारसँग समन्वय गरी थप प्रभावकारी बनाइने छ ।
- नगर क्षेत्रबाट निस्कने फोहोरको उचित ब्यवस्थापन गरी वातावणरीय प्रदुषण कम गर्नुका साथै सरुवा रोगको नियन्त्रण गर्ने कार्यलाई समेत प्राथमिकता दिइने छ ।
- स्वास्थ्यका कार्यक्रमहरुलाई थप प्रभावकारी बनाउन स्थानीय , राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्था साथै दातृ निकायहरुसंग समन्वय गरी स्वास्थ्य क्षेत्रमा स्रोतको ब्यवस्थापन गर्न पहल गरिने छ ।
- न्यूनतम सेवा मापदण्ड (Minimum Service Standard) तथा राष्ट्रिय चिकित्सा मापदण्ड (National Medical Standard) अनुसारको स्वास्थ्य सेवा प्रवाहको लागि आवश्यक पूर्वाधार , औषधी, औषधीजन्य सामाग्री, औजार तथा उपकरणहरुको यथोचित व्यवस्था गरिनेछ ।
- नसर्ने रोग तथा मानसिक रोगको रोकथाम तथा व्यवस्थापन , सुर्तिजन्य बस्तुको प्रयोग, मादक पदार्थ सेवन, लागूपदार्थ दुव्र्यसनी लगायतका स्वास्थ्य समस्याहरुलाई निरुत्साहित गरी स्वस्थकर जीवनयापन गर्न्न प्रोत्साहन र प्रवद्धन गरिने छ ।
- पालिका भित्र स्वास्थ्य सेवा सर्वसुलभ र प्रभावकारी बनाउन स्वास्थ्य संस्थाहरु बिस्तार गर्दै (स्वास्थ्य जनशक्ति उत्पादन, दरबन्दी निर्धारण, जनशक्ति ब्यवस्थापन, अनुसन्धान) स्वास्थ्य उपकरण र पुर्वाधारको समुचित व्यवस्था मिलाईनेछ ।
- सुरक्षित मातृत्व , बाल स्वास्थ्य , खोप, परिवार नियोजन , किशोरावस्था लगायतका प्रतिकारात्मक , प्रबद्र्धनात्मक,उपचारात्मक स्वास्थ्य सेवालाई जनताको सहज पहुँचमा पुर्याउने रणनीति अबलम्बन गरिने छ ।
- **प्रत्येक स्वास्थ्य संस्थामा स्तनपान कक्षको ब्यवस्था गरिनेछ।**
- **कोभिड - १९ संक्रमणलाई स्थिर बनाउने र क्रमशः रोकथाम तथा नियन्त्रणमा सफलता हासिल गर्ने लक्ष्यका साथ परिक्षण विस्तार र आईसोलेसन केन्द्रलाई थप ब्यवस्थित गरी उपचारको समुचित प्रबन्ध मिलाईने छ । स्वास्थ्यकर्मी लगायत जनशक्तिलाई सुरक्षा सामाग्री अभाव नहुने गरी बजेट व्यवस्था मिलाइने छ।**

- **स्वास्थ्य सेवामा संलग्न स्वास्थ्यकर्मी तथा कर्मचारीहरुको मनोवल वृद्धिसंगै भौतिक तथा पेशागत सुरक्षा सुनिश्चित गरिनेछ।**
- ७० बर्ष नाघेका जेष्ठ नागरिकका लागी प्रत्येक ६।६ महिनामा विशेषज्ञ डाक्टर सहितको निःशुल्क घुम्ती स्वास्थ्य शिविर संचालन कार्यलाई निरन्तरता दिईने छ। र ८४ वर्ष पुरा भएका अति जेष्ठ नागरिकहरुलाई घरदैलो स्वास्थ्य सेवालाई उपलब्ध गराइने छ।
- खजुराको प्राथमिक स्वास्थ्य केन्द्र १५ शैयाको अस्पतालमा परिणत भई सकेको हुंदा निमार्ण कार्यलाई तिव्रता दिइनेछ।
- गाउँपालिकामा नागरिक आरोग्य केन्द्र स्थापना भई सेवा दिई रहेकोमा उक्त सेवालाई स्तरवृद्धि गरि आर्युवेद स्वास्थ्य केन्द्र स्थापना गर्न जोड्दिइने छ।
- स्वास्थ्यका लागि प्राकृतिक चिकित्सा विधिलाई अवलम्बन गर्दै लगिने र योग गरौ रोग भगाउँ भन्ने कार्यका लागि योग केन्द्र बनाई संचालनका लागि व्यवस्था गरिने छ।
- महिला स्वास्थ्य स्वंम सेविकाहरुलाई निशुल्क स्वास्थ्य विमा कार्यक्रमलाई निरन्तरता दिइने छ।
- खजुरा गाउँपालिकामा अनिवार्य स्वास्थ्य विमा लागु गर्ने र स्वास्थ्य विमा गर्न नसक्ने गरिब तथा विपन्न परिवारहरुलाई गाउँपालिकाबाट स्वास्थ्य विमा गरिने छ।

**<u>खेलकुद तर्फ</u>**

क) खजुरा गाउँपालिकाबाट अन्तराष्ट्रिय प्रतिस्पर्धी खेलाडी उत्पादन गर्न आवश्यक नीति बनाइने छ।

ख) खजुरा गाउँपालिका भित्र दर्ता भएका क्लवहरुलाई खेलका सामाग्री सहयोग उपलब्ध गराउन आवश्यक बजेटको व्यवस्था गरिनेछ।

ग) गाउँपालिकाका वडाहरुमा खेलकुद प्रतियोगिता संचालन गर्न उत्प्रेरित गरिनेछ साथै खजुरा गाउँपालिका अर्न्तगत राष्ट्रिय,अर्न्तराट्रिय खेलाडीहरुलाई सम्मान गरिनेछ।

घ) यस गाउँपालिका भित्र निर्माण भई रहेको वडा नं.४ स्थित प्रदेश स्तरीय मिनि फुटवल रंगशालालाई पूर्णता प्रदान गर्न यस वर्ष प्रदेशस्तरबाट बजेटको व्यवस्था मिलाईने छ ।

ङ) मेयर कप खेललाई निरन्तरता दिइनेछ।

च) राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलमा भाग लिन छनौट खेलाडीहरुलाई अन्तराष्ट्रिय स्तरको तालिममा सहयोग गरिने छ।

छ) संघिय सरकारबाट वडा नं.२ सितापुरमा घोषणा भएको अन्तराष्ट्रिय स्तरकाको खेलकुद ग्राम ( फुटवल,बहुउदेश्यिय कवर्डहल, पैडि पोखरी, जिम हल, भलिवल) निर्माण कार्यलाई निरन्तरता दिइएको छ।

ज) संस्थागत तथा सामुदायिक विद्यालयहरुमा खेल शिक्षक राख्ने व्यवस्था मिलाइनेछ।

झ) युवा तथा खेलकुद विकासको लागि विकास समिति गठन गरि लागु गर्ने निति लिइने छ।

**<u>खानेपानी तथा सरसफाई</u>**

क) स्वच्छ खानेपानी तथा सरसफाईमा जनसहभागिता र जनचेतनामा जोड दिईने छ। स्वच्छ खानेपानीको व्यवस्था गरी आर्सेनिकयुक्त पानीको प्रयोगलाई निरुत्साहित गरिने छ।

ख) धाराको पानीको आर्सेनिक चेक जाँच गरी सबै घरमा खानेपानीको अभाव हुन नदिने व्यवस्था मिलाइने छ।

ग) गाउँपालिका भित्रका सबै बस्तीहरुमा स्वच्छ खानेपानी पुर्‍याउने नीति अनुरुप स्वच्छ खानेपानी नपुगेका वडाहरुमा क्रमिक रुपमा खानेपानी पुर्‍याउने कार्यक्रम ल्याईनेछ ।

घ) हाल संचालन भईरहेको खजुरा स्थित खानेपानीको निर्माणधिन फोरलाइन बाटोको दायाँ बायाँ पाइपलाईन विस्तार गर्ने  लाई जोड दिइने छ ।

ङ) स्वच्छ खानेपानीको व्यवस्था गर्न "वास" योजना मार्फत आवश्यक कार्य अगाडि बढाइने छ ।

च) खजुरा गाउँपालिका भित्र एक घर एक धाराको निति लिई धारा नभएका परिवारहरुलाई खानेपानीको धाराको व्यवस्थापन गर्न बजेट विनियोजन गरिनेछ ।

**सस्कृति तर्फ**

क) गाउँपालिका भित्र प्रचलनमा रहेका सबै खाले चाडपर्व, भाषा, कला, संस्कृतिको संरक्षण सर्म्वद्धन गरिनेछ । यसको लागि आवस्यक बजेट व्यवस्था गरिने छ ।

ख) स्थानीय चाड, पर्व, मेला, परम्परा, भाषा, संस्कृतिको प्रवर्धन गरिनेछ ।

ग) सामाजिक सद्भाव र राष्ट्रिय एकतालाई सुदृढ गर्न अभियानहरु सञ्चालन गरिने छ ।

घ) गाउँपालिका भित्र रहेको मठ, मन्दिर, गुम्बा, मस्जित, चर्जहरुको अभिलेख राख्ने र तिनिहरुको संरक्षण गरिने छ ।

ङ) समायानुकुल साँस्कृतिक जागरणका कार्यक्रम संचालन गरिने छ ।

**लैंगिक समानता तथा समावेशिकरण**

क) लैंगिक समानता, महिला सशक्तीकरण, लैगिक मुलप्रवाहीकरण र महिला सहभागिता वृद्धी गर्ने नीतिलाई प्रोत्साहन गर्ने कार्यक्रम ल्याइने छ । यसको लागि उचित बजेट ब्यवस्था गरिने छ ।

ख) जेष्ठ नागरिक सम्मान कार्यक्रम, वालवालिकाको सशक्तिकरण बाल मैत्रि स्थानिय शासन कार्यक्रम,दलित, विपन्न, अपागं एवंम युवा समेतलाई लक्षीत गरि कार्यक्रम संचालन गरिनेछ । गाँउपालकि स्तरवाट निर्माण हुने सरकारी भवन महिला मैत्री, अपाग मैत्री वनाईनेछ ।

ग) गाउँपालिकाबाट नेपालकै अन्य स्थानमा उच्च अध्ययन गर्न जाने विपन्न परिवारका महिलाहरुलाई अध्ययन सहयोगार्थ छोरी बुहारी छात्रवृत्ति कार्यक्रम संचालन गरिने छ ।

घ) बिशेष राष्ट्रिय, अर्न्तराष्ट्रिय दिवश तथा पर्वहरु बिशेष कार्यक्रमका साथ मनाईनेछ ।

ङ) लक्षित वर्गका लागि वजेट विनियोजन गरी कार्यक्रम कार्यान्वयन गरिनेछ ।

च) महिलाहरुका लागि सिपमूलक, स्वरोजगार तथा आयमुलक तालिम संचालन गरी व्यवसाय संचालनका लागि विउपूँजी उपलब्ध गराईनेछ ।

छ) हिंसापिडित महिला तथा बालबालिकाहरुको उचित व्यवस्थापनका लागि राहत कोषको स्थापना गरिने छ।

ज) बालक्लवहरु गठन, पुर्नगठन र सवलीकरण गरी उनिहरुको भूमिकालाई बालमैत्री अभियानमा प्रभावकारी बनाइनेछ ।

झ) ज्येष्ठ नागरिकहरु समाजका गहना भएकाले सम्मान गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

ञ) लैगिंक समतामूलक नीति, ज्येष्ठ नागरिक संरक्षण नीति, अपांगता सम्वन्धि नीति, बाल अधिकार र संरक्षण नीति बनाइ कार्यान्वयन गरिने छ ।

ट) गाउँपालिकाका वडाहरु क्रमशः बालमैत्री वडा घोषणा गर्नका लागि पुरा गर्नु पर्ने सुचक तथा खुटकिलाहरु पार गर्न आवस्यक कार्यक्रम संचालन गरिने छ ।

ठ) बालमेला आयोजना गरी गाउँपालिका स्तरिय बालबालिकाको बाँच्न पाउने अधिकार, संरक्षणको अधिकार, विकासको अधिकार, सहभागिताको अधिकारको सुनिश्चता गर्न पहल गरिनेछ ।

ड) गाउँपालिकालाई महिलामैत्री र बालमैत्री र लैङ्गिकमैत्रीका लागि योजना बनाई कार्यान्वयन गरिने छ ।

ढ) राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम लागु गरिने छ ।

ण) एकल महिला सुरक्षा कोषका लागि केन्द्र संग सहकार्य गर्ने एकल महिलाहरुको पहिचानका लागि तथ्याङ्क संकलन गरि उपाध्यक्ष संग एकल महिला कार्यक्रम बनाई लागु गरिने छ ।

**न्याय तर्फ**

क) न्यायिक समितिका पदाधिकारीहरुको क्षमता विकास गरी न्यायिक निरुपणको कार्यलाई अझै प्रभावकारी बनाईने छ ।

ख) मेलमिलाप संयोजकहरुको लागि पारितोषिक र क्षमता विकास तालिमको व्यवस्था गरिने छ ।

ग) शान्त र विवादमुक्त समाज निर्माणका लागि वर्तमान कानुनका प्रावधानहरुका सम्बन्धमा प्रत्येक वडाहरुमा कानूनी सचेतनामुलक कार्यक्रम संचालन गरिने छ ।

घ) मेलमिलाप केन्द्रहरुको भौतिक क्षमताको विकास गरिने छ ।

ङ) न्यायिक समितिको लागि आवश्यक जनशक्तिको व्यवस्था गरी न्यायिक समितिको कार्यलाई व्यवस्थित गरि हरेक वडामा शाखा स्थापना गरिनेछ ।

ढ) मेलमिलाप सम्बन्धी अन्तर पालिका/प्रदेश पारस्परिक अध्ययन अनुगमन गराइने छ ।

ण) वडामा वडा प्रतिनिधि र सचिवहरुलाई अभिमुखिकरण गर्ने ।

**३. पुर्वाधार विकास** : सडक तथा पुल, सिचाई तथा शहरी विकास, लघु तथा साना जलविघुत,बैकल्पिक उर्जा, संचार सम्बन्धि नीति तथा कार्यक्रमहरु

क) सडक लगायतका पूर्वाधार विकासमा बातावरणमैत्री, अपाङ्गमैत्री र गुणस्तरीय पूर्वाधार विकासमा जोड दिइनेछ ।

ख) सडक, सिंचाई, ढल निकास, विद्युतीकरण योजनामा जनताको लागत सहभागीता अनिवार्य गर्ने कार्यकमलाई निरन्तरता दिइनेछ ।

ग) गाउँपालिका भित्रका सडकहरुको क्रमिकरुपमा स्तरउन्नती गर्दै लगिने छ । सडकको दायाबाँया पक्की नाली बनाइने छ ।

घ) विद्युतीकरण नभएका बस्ती तथा वडामा विद्युत सेवा विस्तारलाई प्राथमिकता दिइनेछ । बैकल्पिक उर्जा प्रविधिमा आधारीत सौर्य विद्युत उत्पादन र प्रबर्द्धन गर्ने कार्यमा सम्बन्धीत निकायहरु संग सहकार्य गरि गरिने छ ।

ङ) नमुना बस्ति निर्माणका लागि एकिकृत ग्रामिण वस्ति विकास योजना बारे सम्भाव्यता अध्ययन गरि कार्य शुरु गर्न पहल गरिनेछ साथै बस्ति व्यवस्थापनका लागि आवश्यक प्रकृया अघि बढाई जनताको बसोबासको सुनिश्चितता गरिनेछ ।

च) साविक वस्तीहरुका साना बाटाहरुमा समेत एम्बुलेन्स वा दमकल पुग्न सक्ने गरी कम्तीमा ६ मिटर हुने गरी बाटो विस्तार गरिने र नयाँ बाटाहरु मापदण्ड अनुसार निर्माण गर्दै लगिनेछ ।

छ) मनमोहन पार्क, खजुरा चिल्ड्रेन पार्कको सौन्दर्यकरण गरिनेछ ।

ज) पुराना सिँचाई प्रणालीलाई मर्मत संभार तथा पुनर्निर्माण गरी संचालन गरिनेछ ।

झ) गाउँपालिकाका सबै ताल तलैया, पोखरी र पानीका स्रोतहरूको संरक्षण गरिनेछ ।

ञ) गाउँपालिका क्षेत्रमा प्रयोग विहिन अवस्थामा रहेको कपास विकास समितिको भौतिक पूर्वाधार सम्पतिको संरक्षण गरि उद्योग संचालन गर्न सम्भाव्यता अध्ययन गर्ने र जनक शिक्षा सामग्री लिमिटेडको छापाखाना संचालन र प्रवर्धनका लागी पहल गरिनेछ ।

ट) गाउँपालिकामा आवश्यक रहेको पुल पुलेसा संघ तथा प्रदेश सरकार मार्फत निर्माण गर्न पहल गरिने छ

ठ) हरेक वर्ष झै सडक कालोपत्रे गर्ने कार्यलाई निरन्तरता दिइने छ ।

ड) खजुरा गाउँपालिका क्षेत्रभित्र पर्ने ठूला आयोजनाहरुका लागि प्रारम्भिक अध्ययन र परियोजना निर्माणको लागि प्रोजेक्ट बैंक बनाउने नीति लिइने छ ।

ढ) सुविधा सम्पन्न सभागृह निर्माण कार्य पुर्ण गर्न आवश्यक कदम चालिने छ ।

ण) खजुरा कपास विकास समिति देखि धनौलि चौकी सम्मको पहिलो चरणको चार लाईन बाटोलाई खजुरा सिमा क्षेत्र मानखोलासम्म पुऱ्याउन सम्बन्धित निकायमा पहल गरिने छ ।

त) सडक निर्माण पछि सम्बन्धित समुदायलाई हस्तान्तरण गर्ने प्रक्रियाको शुरुवात गरिने छ ।

थ) तराई मधेस सबृंद्धि कार्यक्रम अर्न्तगत विपन्न परिवारका लागि सामुहिक आवासको कार्यक्रम संचालन गरिनेछ ।

द) खजुरा धनौली देखि कपास विकास समिति सम्म निर्माणाधिन चार लाइन सडकको दाया वायाँ खानेपानीको पाइपलाइनकार्यलाई तिव्रता दिईने छ ।

ध) खजुरामा निर्माण हुँदै गरेको फोरलाइन बाटोको कार्यलाई तिव्रता प्रदान गर्न सम्बन्धीत निकायमा पहल गरिने छ ।

## ४. वन, वातावरण तथा विपद व्यवस्थापन :

क) गाउँपालिकाको विपद् जोखिम नक्सांकन गरि यसैका आधारमा विपद् जोखिम न्यूनिकरण योजना निर्माण गरी कार्यान्वयन गरिने छ ।

ख) विपद् तथा जोखिममा परेकाको तत्काल राहत र उद्दार गर्नका लागि विपद् व्यवस्थापन कोषको प्रयाप्त बजेट विनियोजन गरिने छ ।

ग) सामुदायिक वनहरुलाई प्रवर्द्धन गरिने नीति लिइने छ । नयाँ सामुदायिक वन स्थापनाका लागि प्रोत्साहन गरिनेछ ।

घ) प्लाष्टिक मुक्त खजुरा अभियान संचालन गरिने छ । प्लाष्टिक रहित खजुरा कार्यान्वयन कार्ययोजनाका लागि कार्यविधि बनाई लागु गरिने छ ।

ङ) गाउँपालिकाको बातावरणलाई स्वच्छ, सफा, हराभरा र फोहरमैला रहीत बनाउन टोल विकास संस्था गठन गरी परिचालन गरिने छ ।

च) सरसफाईमा वडा तथा बस्तीहरुबीचमा प्रतिष्पर्धाको वातावरण सिर्जना गरिनेछ । सरसफाईमा अब्बल ठहरिएका बस्ती तथा वडामा प्रोत्साहन स्वरुप थप बजेट व्यवस्था गरी पुरस्कृत गरिनेछ । वन कार्यालयको समन्वय र सहयोगमा बृक्षा रोपण कार्यक्रम संचालन गरि गाउँ बस्तीको हरियाली तथा सुन्दरतालाई थप मजबुद बनाईने छ ।

छ) ताल तलैया, खोला नालामा विष, विद्युतीय यन्त्र प्रयोग गरी माछा मार्न पुर्णत प्रतिवन्ध लगाइने छ ।

ज) एक घर दुई विरुवा तथा खाली प्रति जग्गाहरुमा बृक्षारोपण लाई प्राथमिकता दिईनेछ ।

झ) सार्वजनिक महत्वका सम्पदाहरु, खुल्ला क्षेत्र, पार्क, ताल तलैया, पोखरी, मनोरन्जनस्थल, पिकनिक स्थल संरक्षण गरि थप निर्माणका आवश्यक पहल गरिनेछ ।

ञ) गाउँपालिकालाई पुर्ण सरसफाई युक्त गाउँपालिका बनाउने कार्यक्रम संचालन गरिनेछ ।

ट) नदी कटान तथा भु-क्षयलाई रोक्न जैविक प्रविधिमा आधारित क्रियाकलापहरुलाई प्रोत्साहन गरिनेछ ।

ठ) फोहर व्यवस्थापनका लागि फोहर संकलन गरि प्राङ्गारिक मल उत्पादन गर्ने मेसिन जडानका लागि प्रक्रिया अगाडि बढाइने छ । फोहरमैला व्यवस्थापन गरि विद्युत तथा ग्यास उत्पादन हुने कार्यलाई प्राथमिक्तामा राखि कार्य गरिनेछ ।

## ५. शुसासन तथा संस्थागत विकासका क्षेत्र

(सुशासन, पारदर्शिता, जवाफदेहीता र गुणस्तरीय सेवा प्रवाह सम्बन्धी नीति तथा कार्यक्रमहरु)

क) गाउँपालिकाले प्रत्येक वर्ष संचालन गर्ने योजना तर्जुमा र कार्यान्वयनमा अधिक्तम जनताको प्रत्यक्ष सहभागिता गराउने नीति लिइने छ ।

ख) सबै वडा कार्यालयहरु, गाउँपालिका तथा शाखाहरुमा डिजिटल प्रविधिको नागरिक वडापत्रको व्यवस्था गरिनेछ ।

ग) स्वीकृत नीति, कार्यक्रम तथा योजनाहरु र बैठकका निर्णयहरु संचार माध्यमबाट सार्वजनिक गरिनेछ ।

घ) नागरिक सन्तुष्टि सर्वेक्षणको शुरुवात गरिने नीति लिईनेछ ।

ङ) योजनाहरुको सार्वजनिक सुनुवाइ, सार्वजनिक परिक्षण गरेर मात्र भुक्तानी गर्ने नीति लिइनेछ ।

च) कार्यालयले गरेका काम र सेवा प्रवाहको बारेमा यस अघि गर्दै आइरहेका चौमासिक सार्वजनिक सुनुवाईलाई निरन्तरता दिइनेछ ।

छ) सूचकका आधारमा अनुगमन गर्ने गरी नतिजामुलक अनुगमन पद्धतिको विकास गरिनेछ ।

ज) सार्वजनिक खरिद प्रक्रियालाई पारदर्शी र प्रतिस्पर्धी बनाइनेछ ।

झ) स्थानीय स्तरमा उत्पादित बस्तु तथा सेवाको प्रयोग गर्ने नीति लिइनेछ ।

ञ) गाउँपालिकामा कार्यरत जनशक्तिबाट सम्पादन हुन नसक्ने कार्यहरु तथा सेवाको लागि मात्र परामर्श तथा विज्ञ सेवा लिने नीति लिइनेछ ।

ट) सुचना र संचारको सन्जाल तथा नेटवर्क मार्फत गाउँपालिकाका सुचनाहरुलाई सबैको पहुँचमा पुर्‍याउने नीति लिइनेछ ।

ठ) ई-गर्भनेन्स अवधारणा बमोजिम कार्यालयको कामलाई कम्प्यूटराइज्ड प्रणालीमा आवद्ध गरिने छ । साथै कार्यालयको काममा कम्प्यूटरको प्रयोगमा जोड दिइनेछ ।

ड) सेवाग्राहिको कामलाई छिटो छरितो बनाउन नागरिक सहायता कक्षलाई व्यवस्थित गरिने छ ।

ढ) कार्यालय भित्रको आन्तरिक समन्वय र संचारलाई तथा समय पालना र नियमितालाई सुदृढ बनाउन जोड दिइनेछ ।

ण) कार्यालय एंव वडा कार्यालयहरुका कर्मचारीहरुलाई सुचना प्रविधी सम्बन्धी आवश्यक पर्ने तालिम उपलव्ध गराइनेछ ।

त) विशेष राष्ट्रिय अन्तराष्टिय दिवस तथा पर्वहरु विशेष कार्यक्रमका साथ मनाइनेछ ।

थ) कर्मचारीहरुको क्षमता अभिवृद्धिको लागि आवश्यक व्यवस्था गरि कार्यान्वयन गरिने छ ।

द) कर्मचारीहरुलाई उत्कृष्टि कार्यका आधारमा पुरस्किृत गरि कार्य गर्ने मनोवल उच्च राखिने छ ।

ध) गाउँपालिकाको प्रत्येक आ.व.मा स्वयुल्यांकन गरि पालिकास्तरमा  प्रतिस्पर्धा गर्ने ।

**न)** स्थानीय सरकार गठन भए पश्चात सम्पादन गरिएका कार्यबाट कानुनी आधार, प्रशासन व्यवस्था र योजना प्रणाली लगायतका क्षेत्रमा कार्य पद्धतिको निर्माण भईसकेको अवस्थामा   सार्वजनिक खरिद प्रकृयालाई अफ वढि प्रतिस्पर्धि, पारदर्शि र गुणस्तरिय वनाउदै वडा कार्यालय तथा विषयगत शाखाहरुको खरिद प्रशासन समेतको क्षमता विकास गरी समृद्ध खजुराको सोच पुरा गर्न जनअपेक्षा अनुरुप सेवा प्रवाह गरिनेछ ।

## ६. तत्थ्याङ्क तथा अभिलेख व्यवस्थापना र योजना तर्जुमा सम्बन्धी नीति

क) गाउँपालिकाको यथार्थ अवस्था झल्कने सूचना प्रविधिमा आधारित प्रोफाइल (Village Profile) भित्र रही कार्यक्रम कार्यान्वय गरिने छ ।

ख) सामाजिक सुरक्षा भत्ता तथा बाल पोषण भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको लगतलाई अनलाइन कम्प्यूटराइज्ड प्रणाली मार्फत अद्यावधिक गरिनेछ ।

ग) गाँउपालिका भित्र क्रियाशिल सरकारी, गैरसरकारी, वित्तीय, सामाजिक, धार्मिक संस्थाहरुको अभिलेख राखिनेछ ।

ङ) कार्यालयबाट सम्पादित कार्यहरुको अभिलेखलाई कम्प्यूटर प्रणालीमा राख्ने पद्धतिको विकास गरिनेछ । लेखा तथा व्यक्तिगत घटना दर्तालाई प्रत्येक वडा कार्यालयमा कम्प्यूटराइज्ड प्रणालीमा आवद्ध गरिनेछ ।

च) आर्थिक तथा अन्य क्षेत्रको अवसर, समस्या र चुनौती र समाधानका उपायहरुको पहिचानको लागि अध्ययन गरी तथ्य र सूचनामा आधारित नीति निर्माण र योजन तर्जुमा गरिनेछ ।

## ७. संस्थागत क्षमता विकास सम्बन्धी नीति तथा कार्यक्रम :

**क)** सेवालाई थप प्रभावकारी र प्रतिष्प्रधी बनाउन आवश्यक पर्ने सवै किसिमका कानून र नीति बनाई कार्यान्वयनमा लगिनेछ । आवधिक योजना तयार गरी सोही अनुसारको बार्षिक योजना बनाइ कार्यान्वयन गरिनेछ ।

ख) गाउँपालिका कार्यालयको सुविधा सम्पन्न भवन यसै वर्ष सम्पन्न गर्ने गरि निर्माण कार्यलाई तिव्रता दिइनेछ ।

ग) आफ्नो कार्यालय भवन नभएको वडामा भवन निर्माण गरी सबै वडा कार्यालयहरुलाई सुविधा सम्पन्न र सेवाग्राही मैत्री बनाइनेछ ।

घ) गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्भेक्षण प्रतिवेदन (O&M) स्वीकृत गरी नयाँ संगठन संरचना लागु  गरिनेछ ।

ङ) कर्मचारीहरुलाई काममा उत्साहित पार्न स्थानिय सरकारबाट थप सुविधा प्रदान गरिने छ ।

च) जनप्रतिनिधी र कर्मचारीहरुको क्षमता विकासमा जोड दिइनेछ ।

## ८. राजश्व र वित्तीय व्यवस्थापन सम्बन्धी नीति तथा कार्यक्रम

क) राजस्व क्षेत्रको सुधारका लागि राजस्व परामर्श समितिसंगको परामर्शमा करका दरहरुलाई बैज्ञानिक र बास्तविक बनाइनेछ ।

ख) कर तथा राजश्वका सम्बन्धमा कर सम्भाव्यता अध्ययन कार्य गरि सकिएकोले करका दरहरुलाई समसायिक र दायरालाई फराकिलो बनाइ सबैलाई करको दायरामा ल्याइनेछ ।

ग) कर प्रणालीलाई स्वस्छ र पारदर्शी बनाउदै स्वेच्छिक कर बुझाउने परिपाटिको विकास गर्न जनचेतना मूलका कार्यक्रम संचालन गरिने छ ।

ङ) नतीजामा आधारित खर्च व्यवस्थापन तथा वजेट पद्दतीको विकास गरिने छ ।

च) कर शिक्षा अभियान तथा राजस्व प्रवर्द्धनात्मक कार्यक्रमहरु संचालन गरिने छ ।

छ) कर राजस्व सम्बन्धि स्पष्ट कानून, नीति, कार्यविधी बनाई र संस्थागत संरचनाका प्रर्वधन गरिने छ ।

ज) सबैभन्दा बढी कर तिर्ने करदाताहरुलाई प्रत्येक वर्ष सम्मान गर्ने नीति लिइनेछ ।

झ) वडाबाट उठेको राजश्वको अनुपातमा रकम सम्बन्धीत वडाकै विकास योजनामा रकम पठाइने निति लिइनेछ ।

ञ) गाउँ पालिकाबाट लगाई कर हाम्रै लागि हो भन्ने र कर तिर्ने परिपाटिको विकास गर्न  कर सम्बन्धी अभिमुखिकरण कार्यक्रम संचालन गरिने छ ।

अन्त्यमा,

नीति तथा कार्यक्रम "हाम्रो खजुराः राम्रो खजुरा, समुन्नत खजुराः हाम्रो चाहाना" को नारा पुरा गर्ने आवधिक योजनाबाट निर्देशित छ । आ.व. ०७८।०७९ को नीति, कार्यक्रम र बजेटको कार्यान्वयनको लागि खजुरा गाउँपालिका बासीहरुको प्रयाप्त सहयोग र सहभागिता रहने अपेक्षा एवं विश्वास लिएकोछु । योजना तयार गर्ने क्रममा विषयगत समितिका संयोजकहरुले दिनु भएको सुझाव, गाउँ सभाका सदस्यहरु, राजनीतिक दलहरु, सहकारी निकाय, निजी क्षेत्र, सरकारी क्षेत्र नागरिक समाज लगायत सबै सरोकारवालाहरुको सक्रिय सहभागिताको लागि हार्दिक धन्यबाद दिन चाहन्छु । नेपालको संविधान, २०७२ तथा स्थानिय सरकार संचालन ऐन, २०७४ अनुसार गाउँपालिकाले निर्वाह गर्नुपर्ने भूमिका र उत्तरदायित्व पूरा गर्न सहयोग गर्ने नेपाल सरकार, लुम्बिनी प्रदेश सरकार, यस क्षेत्रको प्रतिनिधित्व गर्नु हुने संघीय तथा प्रदेश सभा सदस्य ज्यूहरु, गाउँपालिकाका जनप्रतिनिधिहरु, प्रमुख प्रशासकीय अधिकृत, योजना अधिकृत, लेखा अधिकृत लगायत गाउँपालिकाको सम्पूर्ण कमचारीहरुलाई विशेष धन्यवाद दिँदै स्थानिय सरकारको कामकाज तथा बजेट निर्माणमा प्रत्यक्ष तथा परोक्ष रुपमा सहयोग गर्नु हुने अन्य सम्पुर्ण राष्ट्सेवक कर्मचारीहरु, सुरक्षाकर्मी, सन्चार जगत, नागरिक समाज एवम सम्पुर्ण गाँउपालिका वासीहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

नेपाल र नेपालीको जय होस<br>
जय खजुरा !<br>
धन्यवाद ।

**मिति २०७८।३।०९**